**श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारी दाङ बीच २०७५ पौषमा सम्पन्न भएको कार्य सम्पादन सम्झौतामा उल्लेखित सूचकहरु बमोजिम गरिएका कार्य सम्पादनहरुको प्रगति विवरण**

**तपसिलः-**

१. जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना, २०७५ माघमा तयार गरी कार्यान्वयनमा ल्याइएको । कार्यान्वयनको पहिलो प्रगति समिक्षाबाट ९०% भन्दा बढी प्रगति भएको देखिएको । सुरक्षा योजना प्रतिवेदनसाथ संलग्न छ ।

२. जिल्ला सुरक्षा समितिको बैठक कम्तीमा महिनाको दुई पटक बस्ने गरेको । प्रत्येक बैठकको जानकारी सोही दिन गृह मन्त्रालयलाई E-mail द्वारा गराउने गरिएको । प्रत्येक बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वयनको प्रगति विश्लेषण गर्ने गरिएको ।

३. राजमार्ग सुरक्षा सम्बन्धि मापदण्ड, २०७५ बमोजिम "राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समिति" गठन गरिएको । मिति २०७५/११/१५ गते समितिको बैठक बसी विभिन्न १० वटा निर्णयहरु गरिएको । राजमार्ग क्षेत्रमा हुन सक्ने अवरोध हटाउनका लागि अनुसूची १ बमोजिम आवश्यक पर्ने प्राप्त साधन सहितको QRT/IRT टोली जिल्ला प्रहरी कार्यालय दाङ र सशस्त्र प्रहरी बल २९ नं. गण र मातहत इकाईहरुमा तयारी अवस्थामा राख्ने गरिएको । सो बैठकको प्रतिलिपि यसैसाथ संलग्न छ ।

४. जिल्ला प्रहरी कार्यालय दाङको मिति २०७५/१२/१७ गते निरीक्षण गरिएको । निरीक्षण प्रतिवेदन यसैसाथ संलग्न छ ।

५. प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य नगरेको भनी उजुरी प्राप्त नभएको ।

६. जिल्लामा गुण्डागर्दी, संगठित अपराध, जवरजस्ती असूली, चेलीबेटी बेचबिखन, महिला हिंसा लगायतका अपराधिक क्रियाकलापहरु हुन नदिन जिल्ला प्रहरी कार्यालय दाङ र सशस्त्र प्रहरी बल २९ नं. गणबाट नियमित रुपमा परिचालन गरिएको ।

७. शान्ति सुरक्षाको विश्वासनीय र भरपर्दो सुरक्षा व्यवस्था मिलाई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था मिलाउन कार्ययोजना बनाई नियमित गस्ती, पेट्रोलिङ्ग गर्ने गरिएको ।

८. अन्तर्राष्ट्रिय सीमानामा पर्ने सीमा स्तम्भहरुको विवरण मिति २०७५ माघमा अद्यावधिक गरिएको ।

९. अन्तर्राष्ट्रिय सीमानामा पर्ने क्षेत्रको नियमित अनुगमन गर्ने गरिएको र समकक्षीसँग २०७५ पौषदेखि  हालसम्म दुई पटक समन्वय बैठक गरिएको ।

१०. दाङ जिल्लासँग सीमा जोडिएको अर्घाखाँची जिल्लाको सुरक्षा अधिकारीहरुसँग मिति २०७५/११/२७ गते अन्तर जिल्ला समन्वय बैठक राखिएको । बैठकको प्रतिलिपी यसैसाथ संलग्न छ ।

११. सरकारी जग्गा वा सार्वनजिक जग्गामा भएको अतिक्रमण सम्बन्धि उजुरी एवं गुनासाहरुको तत्काल सम्बोधन गर्न पहल गरिएको । जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको स्थानीय तहसँग समन्वय गरी विवरण संकलन र अद्यावधिक गर्न थालनी गरिएको ।

१२. आ.ब. २०६६/०६७ देखि ०७३/०७४ सम्मका जम्मा मुद्दा २३१ थान मध्ये ८० थान मुद्दा फछ्र्यौट, आ.व.०७४/०७५मा दर्ता भएका जम्मा १३९ थान मुद्दा मध्ये ४२ थान मुद्दा फछ्र्यौट र आ.व.०७५/०७६ मा (मिति २०७६/०१/०९ गते सम्ममा) दर्ता भएका १४५ थान मुद्दाहरुमध्ये १११ थान मुद्दाहरु कानूनले तोकेको अवधिभित्र फैसला गरी फछ्र्यौट गरिएको ।

१३. मिति २०७५/०९/०१ गते र२०७५/११/२७ गते २ पटक घोराही कारागार र मिति २०७५/०९/१० गते तुलसीपुर कारागारको निरीक्षण जाँच गरी कारागार जाँच प्रतिवेदन पेश गरिएको । निरीक्षण प्रतिवेदन यसैसाथ संलग्न छ ।

१४. अवैध हातहतियारको प्रयोग, ओसार प्रसार नियन्त्रण तथा राष्ट्रिय स्तरमा/जिल्ला स्तरमा घट्ने दैनिक घटनाहरु सम्बन्धमा मन्त्रालयबाट प्रेशित निर्देशनको समयमै कार्यान्वयन गर्ने गरिएको ।

१५. CCTV/DRONE क्यामरा प्रयोग सम्बन्धी कार्यविधि/ निर्देशिकाहरुको कार्यान्वयनको व्यवस्था मिलाइएको ।

१६. यस कार्यालय र ईलाका प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य विवरण सहितको अधिकार प्रत्यायोजन यसैसाथ संलग्न छ ।

१७. कार्यालयमा सबै कर्मचारीहरुलाई २०७५ माघमा कार्य विवरण सहितको अधिकार प्रत्यायोजन गरिएको ।

१८. कार्यालय तथा कार्यालय परिसर सफा, स्वच्छ र हरियालीयुक्त राखिएको/ भिडियो क्लिप्स प्रतिवेदनसाथ संलग्न छ ।

१९. जिल्लाको ८ वटा स्थानीय तहहरुमा विभिन्न मितिमा सार्वजनिक सुनुवाई सहितको ९ वटा घुम्ती शिविर संचालन गरिएको ।

२०. कार्यालयमा प्राप्त गुनासो तत्काल सम्बोधन गर्ने गरिएको । हाल कुनै पनि गुनासो सम्बोधन गर्न बाँकी नरहेको ।

२१. जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयबाट प्रवाह भएको सेवाको विवरण नियमित रुपमा मन्त्रालयमा पठाउने गरिएको । मन्त्रालयबाट माग भएको पत्र, प्रतिवेदन र जवाफ तोकिएको समयमा नै पठाउने गरिएको र मन्त्रालयको निर्देशन बमोजिम कार्य सम्पादन गर्ने गरिएको ।

२२. मिति २०७५/१२/२८ गते जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक बसी विभिन्न निर्णयहरु गरिएको । सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुको नियमित अनुगमन गर्ने गरिएको । बैठकको निर्णय प्रतिलिपी यसैसाथ संलग्न छ ।

२३. अशक्त, अपाङ्ग, ज्येष्ठ नागरिकमैत्री लगायतको नागरिक सहायता कक्षको स्थापना गरी संचालनमा ल्याइएको र टोकन प्रणालीबाट सेवा प्रवाह गरिएको ।

२४. कार्यालयमा कोठा नम्बरहरु सहितको कार्यालयको नक्सा सबैले देख्ने स्थानमा टाँस गरिएको । एकप्रति नक्सा यसैसाथ संलग्न छ ।

२५. कार्यालयको WEbsite, DAAS नियमित अद्यावधिक गरिएको ।

२६. कार्यालयको सबै गतिविधिहरु समेटेर अद्यावधिक, इ-बुलेटिन प्रकाशन गर्ने तयारी गरिएको ।

२७. प्रत्येक महिना जिल्लास्थित सबै कार्यालयहरुका सूचना अधिकारीहरुको बैठक बस्ने गरेको । सूचना अधिकारीहरुको नामावली र बैठक प्रतिलिपी प्रतिवेदन साथ संलग्न छ ।

२८. हरेक महिना जारी गरिएको नागरिकता, राहदानी र नाबालक परिचय पत्र लगायतका सेवा प्रवाहको प्रगतिको संख्यात्मक विवरण वेवसाइटमा अद्यावधिक गर्ने गरिएको ।

२९. स्थानीय तहहरुसँग समन्वय गरी नियमित रुपमा बजार अनुगमन गर्ने गरिएको । हरेक महिना स्थानीय तहहरुसँगको समन्वयमा बजार अनुगमन गर्ने गरिएको ।

३०. खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दाङसँगको समन्वयमा राजमार्गमा रहेका होटलहरुको समेत अनुगमन निरीक्षण गर्ने गरिएको ।

३१. उपभोक्ता हित सम्बन्धमा उजुरी प्राप्त नभएको । यस सम्बन्धमा उजुरी प्राप्त भएमा कानून बमोजिम यथाशिघ्र फछ्र्यौट गर्ने तर्फ कारबाही अगाडी बढाइने ।

३२. संस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थाहरुको अभिलेखलाई विद्युतीय प्रणालीमा अद्यावधिक गरिएको ।

३३. संस्थाहरुको नवीकरण गर्दा आर्थिक लेखा परीक्षण प्रतिवेदन, आन्तरिक राजश्व कार्यालयको कर चुक्ता सिफारिस, स्थानीय तहको सिफारिस लगायतका कागजातहरु माग गर्ने गरिएको ।

३४. कार्य सम्पादन राम्रो भएका, उत्कृष्ट संस्थाहरुको सूची तयार गर्न थालिएको ।

३५. लागु औषध नियन्त्रण सम्बन्धमा जिल्ला स्तरीय कार्ययोजना तयार गरिएको । कार्ययोजना प्रतिवेदन साथ संलग्न छ ।

३६. लागु औषध नियन्त्रण सम्बन्धमा जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक मिति २०७५/११/०९ गते बसेको । बैठकको निर्णय प्रतिलिपी यसैसाथ संलग्न छ ।

३७. प्रत्येक स्थानीय तहहरुलाई वर्षमा कम्तीमा दुई पटक लागु औषध विरुद्धको सचेतना कार्यक्रम संचालन गर्न पत्राचार गरिएको ।

३८. शिक्षा विकास तथा समन्वय इकाईलाई वर्षमा कम्तीमा दुई पटक जिल्लाका माध्यामिक विद्यालयहरु (९-१२ कक्षा) का विद्यार्थीहरुका लागि लागु औषध बिरुद्धमा सचेतना कार्यक्रम संचालन गर्न पत्राचार गरिएको ।

३९. जिल्लाभित्र गाँजा, अफिम लगायतका लागु पदार्थजन्य खेती भएको नपाइएको । त्यस प्रकारका लागु पदार्थजन्य खेती भएको पाइएमा तत्काल नष्ट गरिने ।

४०. स्थानीय तहसँगको समन्वयमा सार्वजनिक स्थलमा मध्यपान, धुम्रपान र सूर्ति सेवन गर्ने कार्यलाई नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय दाङ्ग मार्फत् अनुगमनको व्यवस्था मिलाइएको।

४१. जिल्लामा स्थापना भएका लागु औषध पुनर्स्थापना केन्द्रहरुको मिति २०७५/१२/१७ गते देखि २१ गतेसम्म अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेश गरिएको । सो प्रतिवेदन यसैसाथ संलग्न छ ।

४२. जिल्ला विपद् व्यवस्थापन समितिको बैठक मिति २०७५ माघदेखि हालसम्म दुई पटक बसेको ।

४३. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयारी तथा अद्यावधिक गरिएको ।

४४. सबै स्थानीय तह समेटिने गरी उपकरण सहितको ORT/IRT टोली तयारी अवस्थामा राखिएको ।

४५. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दाङको समन्वयमा विपद्को समयमा उद्दार, राहत, खोज, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास गरिएको ।

४६. विपद् भएको समयमा तत्काल उद्दार तथा राहत उपलब्ध गराउने व्यवस्था मिलाइएको ।

४७. द्वन्द पिडितहरुलाई सरकारको तर्फबाट उपलब्ध गराउनुपर्ने विभिन्न भत्ताहरु समयमै उपलब्ध गराइएको ।

४८. मिति २०७५/०३/३१ मा जिल्ला दररेट समितिको बैठक राखी वस्तु र सेवाको दररेट निर्धारण गरिएको ।

४९. जिल्ला प्रशासन कार्यालयको पूजीगत शिर्षकका कार्यक्रममा ३१.३७ प्रतिशत खर्च गरिएको ।

५०. जिल्लास्थित विभिन्न उद्योगहरु (सिमेन्ट)को संचालनमा देखा परेका समस्याहरुको समाधान गर्न समन्वय, पहल र अग्रसरता देखाइएको ।

५१. जिल्लामा संचालित विकास निर्माणका कार्यहरु (सडक, पुल आदि) लगायतका विभिन्न आयोजनाहरुको नियमित अनुगमन गरिएको ।

५२. जिल्लाभित्रका सबै स्थानीय तहका प्रमुखु तथा प्रमुख प्रशासकीय अधिकृतहरुसँग मिति २०७५/११/१९ र २०७५/१२/०८ गते समन्वय बैठक संचालन गरिएको ।

५३. यस कार्यालयमा आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट बेरुजु रकम नदेखिएको ।

५४. कार्यालयमा प्राप्त हुने अनियमितता वा भ्रष्टाचारसँग सम्बन्धित उजुरी तत्काल सम्बन्धित निकायमा पठाउने गरिएको ।

५५. निर्धारित समयभित्र जिन्सी निरीक्षण गर्ने गरिएको ।

५६. कार्यालयका सबै सवारी साधनहरुको बीमा गरिएको ।

५७. जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मिति २०७५/०६/२३ गते लिलाम बढावढ कार्य सम्पन्न गरिएको ।